क.र.का. दर्ता नं. : ९६८६७/०६९/०७०

महुली लघुवित्त वित्तीय संस्था लिमिटेड
Mahuli Laghubitta Bittiya Sanstha Limited

Aganisair Krishanashawaran-6, Mahuli Saptary

Est. 2069

नेपाल राष्ट्र बैंक बाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रिस्तर कार्यक्षेत्र भएको)

Ref No. :

मिति : २०८३/०६/२९

सूचना । सूचना ।। सूचना ।।।

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८३/०६/२९ गते)

महुली लघुवित्त वित्तीय संस्था लिमिटेड नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको वित्तीय कारोबार गर्न इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको लघुवित्त वित्तीय संस्था हो । हाल सातवटै प्रदेशका ३४ जिल्लामा रहेका ६४ वटा शाखा कार्यालय मार्फत लघुवित्त सेवा प्रदान गरिरहेको यस संस्थाको केन्द्रीय कार्यालय, अग्निसाइर कृष्णासवरण-६, महुली, सप्तरी लगायत अन्य कार्यालयका लागि तपसिल बमोजिम कर्मचारी आवश्यक भएकाले योग्यता पुगेका इच्छुक, उत्साही, परिणाममुखी तथा समूहमा काम गर्न सक्ने नेपाली नागरिकबाट सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र निर्धारित ढाँचामा आवेदन आह्वान गरिन्छ।

विज्ञापन नं.	जिम्मेवारी/पद/श्रेणी	संख्या	न्यूनतम शैक्षिक योग्यता तथा कार्यानुभव
०२/०८३/०८४	जिम्मेवारी : विभागीय प्रमुख पद : सहायक प्रबन्धक/वरिष्ठ अधिकृत श्रेणी : कार्यकारिणी/अधिकृत (कार्य गर्नु पर्ने विभाग: आन्तरिक लेखापरीक्षण/वित्त व्यवस्थापन तथा योजनास/अनुगमन निरीक्षण/कर्जा असुली/तालिम, सामाजिक विकास तथा अनुसन्धान)	केही	योग्यता : मान्यताप्राप्त शिक्षण संस्थाबाट CA उत्तीर्ण वा स्नातकोत्तर/स्नातक तह उत्तीर्ण। सहायक प्रबन्धक : स्नातकोत्तर गरी बैंक तथा वित्तीय संस्थाको विभागमा ३ वर्षको अनुभवस वा स्नातक गरी सम्बन्धित विभागमा एक तह मुनि ४ वर्षको अनुभवस वा CA उत्तीर्ण गरी सम्बन्धित विभागमा ३ वर्षको अनुभव । वरिष्ठ अधिकृत : स्नातक गरी लघुवित्त, बैंक तथा वित्तीय संस्थाको सम्बन्धित विभागमा एक तह मुनि ४ वर्षको अनुभव। सम्बन्धित विभागअनुसार वित्तीय विवरण, ECL, NFRS तथा NRB Reporting, आन्तरिक लेखापरीक्षण, कर्जा असुली, तालिम सामग्री निर्माण तथा सञ्चालन, सामाजिक विकास, जोखिम व्यवस्थापन वा अनुगमन सम्बन्धी अनुभव आवश्यक हुनेछ।
०३/०८३/०८४	जिम्मेवारी : विभागीय सहायक पद : अधिकृत र सहायक अधिकृत श्रेणी : अधिकृत कार्यस्थल : विभाग/प्रदेश/अनुगमन	केही	योग्यता : मान्यताप्राप्त शिक्षण संस्थाबाट CAP II वा III (Semi/Qualified CA), BE Computer, B.Sc. CSIT, BIT वा कानुन, व्यवस्थापन तथा सामाजिक कार्य विषयमा स्नातक तह उत्तीर्ण। बैंक तथा वित्तीय संस्था वा लघुवित्त क्षेत्रमा वित्त तथा लेखा व्यवस्थापन, सूचना प्रविधि (SQL, Coding, Network, Server, Security, Core Banking, Digital Banking, Hardware/Software), NRB Reporting, जोखिम व्यवस्थापन, कानुनी अनुपालन, उद्यमशीलता विकास, सामाजिक विकास, आन्तरिक लेखापरीक्षण वा अनुगमनसम्बन्धी कार्यमा ३ वर्षको अनुभव । कानुन विषयमा उत्तीर्ण उम्मेदवारका हकमा उल्लिखित तीन वर्षको अनुभव नभए पनि सम्बन्धित क्षेत्रमा कार्यानुभव भएको हुनुपर्नेछ। दुई पाङ्ग्रे सवारी साधनको लाईसेन्स भएको हुनु पर्ने छ ।

Contact Address :- Aganisair Krishanashawaran-6, Mahuli Bazzar Saptari
Phone - 031-411006, 411005, 411007 Fax- 031-411008
email :- info@mslbsl.com.np, mahuli.slbsltd@gmail.com, mahuli_laghu@yahoo.com
Web :- www.mslbsl.com.np

Ref No. :

०४/०८३ /०८४	जिम्मेवारी : शाखा प्रमुख पद : सहायक अधिकृत/ वरिष्ठ सहायक श्रेणी : अधिकृत/सहायक कार्यस्थल : शाखा कार्यालयहरु	केही	सहायक अधिकृतको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह र वरिष्ठ सहायकको हकमा प्रविणता प्रमाण पत्र वा १०+२ तह उत्तीर्ण गरि बैंक तथा वित्तीय संस्थामा एक तह मुनी (सहायक पदमा) ३ वर्ष कार्य अनुभव भएको, कम्प्यूटर Email/Internet/Office Package तथा लघुवित्त सोफ्टवेयर चलाउन सक्ने, दुई पांग्रे सवारी साधनको लाईसेन्स भएको हुनु पर्ने छ । यस पदमा लुम्बिनी प्रदेश, गण्डकी प्रदेश र वागमती प्रदेशका उम्मेदवारहरुलाई प्राथमिकता दिईनेछ ।

अन्य सर्त तथा जानकारी

१. उमेरको हद : आवेदन दिने अन्तिम दिनसम्म व्यवस्थापकीय श्रेणीका लागि २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको तथा अधिकृत श्रेणीका लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको, सहायक श्रेणीका लागि १८ वर्ष पुर भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ । महिला उम्मेदवारका हकमा माथिल्लो उमेर हदमा ५ वर्ष थप हुनेछ। संस्थाका बहालवाला कर्मचारीलाई उक्त उमेर हद लागू हुने छैन।

२. नियुक्तिको किसिम : ६ महिनाको परीक्षणकालपश्चात् कार्यसम्पादनका आधारमा स्थायी नियुक्ति।

३. परीक्षाको किसिम : प्रस्तुतीकरण तथा अन्तर्वार्ता ।

४. दरखास्त फाराम : वित्तीय संस्थाको वेबसाइट www.mslbsl.com.np को CAREER खण्डबाट Application Form डाउनलोड गरी रीतपूर्वक भर्नुपर्नेछ।

५. आवेदन दिने अन्तिम मिति : २०८३/०७/१८ गते कार्यालय समयभित्र । अन्तिम दिन सार्वजनिक बिदा परेमा अर्को एक कार्यदिन थप हुनेछ ।

६. तलब तथा सुविधा : वित्तीय संस्थाको नियमानुसार ।

७. आवश्यक कागजात : आवेदन फारामसँगै बायोडाटा, नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्र तथा कार्यानुभव प्रमाणित गर्ने कागजात PDF मा स्क्यान गरी hr.mahuli@gmail.com मा पठाउनुपर्नेछ । अन्तर्वार्तामा आउँदा सबै कागजातका स्वप्रमाणित प्रतिलिपि र सक्कल प्रमाणपत्र ल्याउनुपर्नेछ । छोटोसूचीमा परेका उम्मेदवारलाई मात्र छनोट प्रक्रियामा समावेश गरिनेछ। विदेशबाट प्राप्त शैक्षिक प्रमाणपत्रका हकमा समकक्षता प्रमाणपत्र अनिवार्य हुनेछ।

८. सम्पर्क : छोटोसूचीमा परेका उम्मेदवारलाई प्राप्त इमेल ठेगाना वा फोन नम्बरमार्फत संस्थाले सम्पर्क गर्नेछ ।

९. रीत नपुगेका तथा म्याद नाघी प्राप्त आवेदनउपर कुनै कारबाही गरिने छैन ।

नोट : प्राप्त आवेदनहरू कारण जनाई वा नजनाई स्वीकार वा अस्वीकार गर्ने अधिकार संस्थामा सुरक्षित रहनेछ।

पदपूर्ति समिति

पद पूर्ति समिति

महुली लघुवित्त वित्तीय संस्था लिमिटेड
Mahuli Laghubitta Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
रजिष्टर्ड कार्यालय अग्नीसाइर कृष्णासवरण-६, महुली, सप्तरी
फोन नं. ०३१-४११००५, ४११००६ फ्याक्स नं. ०३१-४११००८